## मोदी गाउँपालिका गाउँ कार्यपालिका बैठकको उपस्थिति एवं निर्णयहरु

बैठक संख्या-१

मिति :- २०८२/०५/२३ गते

आज मिति २०८२ साल भदौ २३ गते सोमबारका दिन मोदी गाउँपालिकाका अध्यक्ष श्री हिरा देवी शर्मा ज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसेको गाउँ कार्यपालिकाको बैठकमा निम्नानुसारको निर्णय गरियो ।

उपस्थिती :

| सि.नं. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री हिरा देवी शर्मा | अध्यक्ष | | |
| २ | श्री बिमल लामिछाने | उपाध्यक्ष | | |
| ३ | श्री बाबुराम पुरी<br>प्रमुख प्रशासकीय अधिकृत | सचिव | | |
| ४ | श्री टेक वहादुर गुरुङ्ग | सदस्य | | |
| ५ | श्री बेल बहादुर कार्की क्षेत्री | सदस्य | | |
| ६ | श्री देवेन्द्र बहादुर क्षेत्री | सदस्य | | |
| ७ | श्री मोहनसिङ चोचाङ्गी पुन | सदस्य | – | |
| ८ | श्री मान बहादुर अधिकारी | सदस्य | – | |
| ९ | श्री दिपेन्द्र लामीछाने | सदस्य | | |
| १० | श्री दुर्गा प्रसाद शर्मा | सदस्य | | |
| ११ | श्री सुक वहादुर गुरुङ्ग | सदस्य | | |
| १२ | श्री लक्ष्मी बि.क | सदस्य | | |
| १३ | श्री शान्ता आले | सदस्य | | |
| १४ | श्री कृष्ण कुमारी मल्ल | सदस्य | | |
| १५ | श्री सन्तोषी वि.क | सदस्य | | |
| १६ | श्री रिता सुनार विश्वकर्मा | सदस्य | | |
| १७ | श्री डिलमाया नेपाली | सदस्य | | |

अन्य उपस्थिति:

## मोदी गाउँपालिका गाउँ कार्यपालिका

## बैठक मिति २०८२/०५/२३ गतेको निर्णय

**निर्णय नं.१** कार्यपालिकाको मिति २०८२ साउन २२ गते बसेको बैठकका निर्णयहरु कार्यन्वयनको समिक्षा गरियो।

**निर्णय नं.२** जिल्ला दररेट निर्धारण समितिले आ.व. २०८२/०८३ को लागि स्वीकृत गरेको दररेट तथा मोदी गाउँपालिकाको स्थानिय अवस्था एवं आवश्यकता समेतलाई मध्यनजर गर्दै मोदी गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ को लागि प्रस्तावित दररेटलाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.३** मोदी गाउँपालिकाको वच्चा जोखौं नुन बोकौं कार्यक्रम संचालन कार्यविधि २०८२ स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं.४** मोदी गाउँपालिका वडा नं ४ स्थित लेस्पार र मोदी ५ स्थित बाजुङ गाउँलाई सम्पदा गाउँको रुपमा विकास गर्न नेपाल सरकार शहरी विकास तथा भवन निर्माण विभागमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.५** मोदी गाउँपालिकाको सुत्केरी सँग अध्यक्ष कार्यक्रम सञ्चालन निर्देशिका २०७९ को पहिलो संशोधन २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.६** मोदी गाउँपालिकालाई प्रतिवादी बनाई विभिन्न अदालत तथा अर्धन्यायिक निकायमा दायर भएका जाहेरी, उजुरीहरुको फिरादपत्र, प्रतिउत्तरपत्र आदि तयार गरी सम्बन्धित अदालत तथा अर्धन्यायिक निकायमा पेश गर्न न्यायिक सहजकर्ता श्री राम प्रसाद गौंडेललाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं.७** मोदी गाउँपालिका भित्रका स्वास्थ्य संस्थामा संचालित वर्थिङ सेवालाई व्यवस्थित रुपमा संचालन गर्न संघिय सशर्त तर्फ हस्तान्तरित बजेटको सिमाभित्र रहि चार जना अनमी खुल्ला प्रतिष्पर्धाको माध्यमबाट सेवा करारमा नियुक्ती गर्ने निर्णय गरियो ।

**निर्णय नं.८** मोदी गाउँपालिका भित्रका तपशिल वमोजिमका खोलाहरुको कारण भईरहेको कटानलाई रोक्न तटबन्ध निर्माण गर्न विपद व्यवस्थापन कोषवाट खर्च गर्ने गरी तपशिल बमोजिम स्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरा देवी शर्मा
अध्यक्ष

CamScanner

| क्र सं | खोलाको नाम | तटबन्धको लागी स्रोत सुनिश्चित गरिएको रकम | कैफियत |
|---|---|---|---|
| १ | रतिखोला तटबन्ध निर्माण | रु १००००००(दश लाख) | |
| २ | पातीखोला तटबन्ध. निर्माण | रु ५०००००(पाँच लाख) | |
| ३ | सुनचाप पहिरो व्यवस्थापन | रु ५०००००(पाँच लाख) | |
| ४ | साँठी खोला र मख पहिरो व्यवस्थापन | रु ५०००००(पाँच लाख) | |
| | जम्मा | रु २५०००००(पच्चिस लाख मात्र) | |

**निर्णय नं.९** मोदी गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरमा रहेका प्रयोगशालाहरु संचालन गरी आम नागरिकहरुलाई प्रभावकारी स्वास्थ्य प्रयोगशाला सेवा प्रदान गर्न मोदी गाउँपालिकाको स्वीकृत संगठन तथा व्यवस्थापन सर्भेक्षण २०८२ बमोजिम स्वीकृत गरिएको चार जना ल्याब असिष्टेन्ट(तह ४) गण्डकी प्रदेश, लोकसेवा आयोगबाट स्थायी पदपूर्ति नहुञ्जेल सम्मको लागि खुल्ला प्रतिष्पर्धाको माध्यमबाट दैनिक ज्यालादारीमा नियुक्त गर्न मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय गण्डकी प्रदेश तथा प्रदेश लोकसेवा आयोगमा सहमतिको लागि लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं.१०** मोदी गाउँपालिका क्षेत्र भित्रका सडकहरुमा बढी पहिरोको कारण हुने अवरोध हटाउन प्रयोग गरिने हेभी मेशिनको अपरेटरलाई आवश्यक कागजात तथा कामकाज गरेको घण्टाको डोर हाजिरको आधारमा दैनिक ज्याला भुक्तानी गर्न विपद व्यवस्थापन कोषबाट खर्च गर्ने गरी रु पचास हजार स्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

**निर्णय नं.११** मोदी गाउँपालिकाको स्वीकृत संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदनमा उल्लेख भए बमोजिम संघिय तथा प्रदेश सरकारबाट तोकिएको न्यूनत्तम सेवा मापदण्ड कायम हुने सुनिश्चितता एवं सेवा प्रवाहको अवस्था गुणस्तर तथा सेवाग्राहीको संख्या समेतको विश्लेषण गरी सम्बन्धित वडाको स्वास्थ्य चौकीमा विद्यमान जनशक्तीलाई नै परिचालन गरी सामुदायिक स्वास्थ्य ईकाईहरु संचालन गर्ने र सम्बन्धित वडाको स्वास्थ्य चौकी, सामुदायिक विद्यालय, युवा क्लवहरु, सामुदायिक संघ संस्था, मुख्य बजार क्षेत्र समेतको सरसफाई गर्ने कार्यविवरण एवं जिम्मेवारी सहित आवश्यकता तथा औचित्यताको आधारमा सेवाग्राहीको संख्या तुलनात्मक रुपमा बढी रहेका स्वास्थ्य ईकाईहरुमा एक/एक जना सरसफाईकर्ता/स्वीपर दैनिक ज्यालादारीमा कार्य दक्षता तथा क्षमताको आधारमा आवश्यक कानुनी प्रक्रिया पुरा गरी नियुक्त गरी परिचालन गर्ने निर्णय गरियो ।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरा देवी शर्मा
अध्यक्ष

CamScanner

**निर्णय नं.१२** मोदी गाउँपालिकाको स्वास्थ्य तथा जनसंख्या उपशाखा तथा सम्बन्धित वडा स्थित स्वास्थ्य चौकीमा रहेको जनशक्तीको अधिकतम प्रयोग गरी हाल सामुदायिक स्वास्थ्य ईकाई रहेका स्थानमा महिला, बालबालिका, ज्येष्ठ नागरिकलाई लक्षित गरी मासिक रुपमा कम्तिमा एउटा नसर्ने रोगहरुको स्क्रिनिङ सहितको स्वास्थ्य शिविर तथा नियमित रुपमा समुदायस्तर एवं विद्यालयहरुमा घुम्ती स्वास्थ्य जाँच शिविरहरु संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३** मोदी गाउँपालिका भित्रका घर तथा भवनहरु अभिलेखीकरण सम्बन्धमा सुचना जारी भई असार मसान्त सम्म कायम रहेको म्याद भित्र उल्लेख्य संख्यामा अभिलेखीकरण हुन नआएको हुँदा २०८२ साल पौष मसान्त सम्मको लागि म्याद थप गरी सोको सुचना सम्प्रेषण गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४** मोदी गाउँपालिका वडा नं ६ स्थित तिलाहार गिज्यान सडक अन्तर्गत देउराली खण्डमा बाढी नियन्त्रणको लागि कुलो निर्माण गर्न प्राविधिक लागत अनुमान बमोजिम रु ८३०००- (अक्षरेपी रु त्रियासी हजार मात्र) विपद व्यवस्थापन कोषबाट खर्च गर्ने गरी स्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५** मोदी गाउँपालिकाको वडा नं १, २, ५ र ६ का विभिन्न स्थानमा बाढी तथा पहिरोको कारण अवरुद्ध भएका सडकहरु प्राविधिकको उपस्थितिमा सरसफाई एवं मर्मत सम्भार गरी तत्काल संचालनमा ल्याउनको लागि प्राविधिक लागत अनुमान बमोजिम विपद व्यवस्थापन कोषबाट खर्च गर्ने गरी रु – २०००००(दुई लाख मात्र) स्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

**निर्णय नं.१६** मिति २०८२ श्रावण २२ गतेको मोदी गाउँकार्यपालिकाको बैठकको निर्णय अनुसार उपाध्यक्ष श्री विमल लामिछानेको संयोजकत्वमा कार्यालयको संगठन तथा व्यवस्थापन सर्भेक्षण २०८२ को कार्यान्वयन एवं सेवा प्रवाहको प्रभावकारिता लगायतका विषयमा अध्ययन गर्न गठन भएको अध्ययन कार्यदलले पेश गरेको प्रतिवेदन ग्रहण गरी कार्यालयको दस्तावेजको रुपमा अभिलेखिकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.१७** मोदी ५ बाजुङ स्थित कोटेश्वरी आमा समुह द्वारा महिलाहरुको महान पर्व हरितालिका तिजको अवसरमा आयोजना गरिएको बाजुङ तिज मेलाको व्यवस्थापनको लागी अध्यक्ष सँग दिदीवहिनी कार्यक्रमबाट रु ५००००।–(अक्षरेपी रु पचास हजार मात्र) सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं.१८** धानखेत रोपाईको क्रममा मिनिटेलर दुर्घटना भई घाईते हुनुभएका मोदी गाउँपालिका वडा नं ७ राम्जादेउराली निवासी खेमलाल पौडेललाई प्रदान गरिएको आर्थिक सहायता वापतको रकम रु २००००।–(अक्षरेपी रु बीस हजार) अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१९** मोदी गाउँपालिका वडा नं ६ तिलाहार निवासी वर्ष ६३ का अमृत विकको घर मिति २०८२।०३।२८ गतेको अविरल वर्षाको कारण क्षतिग्रस्त भएको हुँदा राहत स्वरुप रु १००००- (अक्षरेपी रु दश हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरा देवी शर्मा
अध्यक्ष

**निर्णय नं.२०** मोदी गाउँपालिका वडा नं ७ बस्ने शारदा तिमिल्सिनाको भैंसी गोठमा २०८२/०५/६ गते परेको चट्याङको कारण गोठ भत्किएको, घरको बिजुलीको मिटरबक्स पुर्ण रुपमा जलेको र बाख्रा समेत मरेको हुँदा राहत स्वरुप सम्बन्धित वडाको लागि विनियोजित वजेटवाट खर्च रु १५०००।–(अक्षरेपी रु पन्ध हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२१** मोदी गाउँपालिका वडा नं ३ बस्ने पुर्ण बहादुर परियारको छोरा वर्ष ८ को रिदम परियारको स्वास्थ्य उपचारको लागि आर्थिक सहायता स्वरुप रु १५०००।–(अक्षरेपी रु पन्ध्र हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२२** मोदी गाउँपालिका वडा नं ६ बस्ने कृष्ण बहादुर क्षेत्रीको छोरा वर्ष १४ को प्रभात क्षेत्रीलाई Disseminated Staph Infection with Selective Iga Deficiency नामक रोग लागि उपचाररत रहेको र निजको आर्थिक अवस्था कमजोर रहेको हुँदा निजको उपचारको लागी रु १५०००।–(अक्षरेपी रु पन्ध्र हजार मात्र) आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.२३** मोदी गाउँपालिका वडा नं ३ देउराली निवासी तुलसीराम सुवेदीको छोरी वर्ष १८ कि अञ्जली सुवेदी विगत लामो समयदेखि टाउकोको जटिल समस्याको कारण उपचाररत रहेको र निजको आर्थिक अवस्था समेत कमजोर रहेको हुँदा निजलाई उपचार खर्च वापत रु १५०००।–(अक्षरेपी रु पन्ध्र हजार मात्र) प्रदान गर्ने निर्णय गरियो ।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरा देवी शर्मा
अध्यक्ष